ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचारविरुद्धको सहकार्य

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल विधान, २०५३

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
# विधान, २०५३

**पहिलो संशोधन**, २०५७/३/१३
**दोस्रो संशोधन**, २०६०/१/३
**तेस्रो संशोधन**, २०६१/१२/५
**चौथो संशोधन**, २०६४/९/१६
**पाँचौं संशोधन**, २०७१/४/५

**प्रस्तावना*** :

अन्तर्राष्ट्रिय स्तरमा स्थापित ट्रान्सपरेन्सी इन्टरनेशनल (Transparency International) सँगको संस्थागत सम्बन्धनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विद्यमान भ्रष्टाचार र सार्वजनिक अधिकारको दुरूपयोगलाई संगठित र संस्थागतरुपमा प्रतिरोध गर्दै सरकार, सार्वजनिक क्षेत्र, निजी क्षेत्र, नागरिक समाज र व्यक्तिगत जीवनलाई भ्रष्टाचारमुक्त बनाउन र समन्यायको अवधारणालाई आत्मसात गर्दै सदाचारयुक्त समाजको निर्माण गर्न बाञ्छनीय भएकाले,

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल (Transparency International Nepal) को यो विधान तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संस्थाको सङ्क्षिप्त नाम, विस्तार र प्रारम्भ :**

**(क) संस्थाको नाम** : यस संस्थाको नाम **ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल** [Transparency International Nepal] रहेको छ ।

---

* पाँचौं संशोधनद्वारा हेरफेर ।

**(ख)** **संस्थाको कार्यालय** : यसको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ । स्थानीय अधिकारीको स्वीकृति लिई यसका शाखाहरू नेपाल राज्यभित्र अन्यत्र पनि खोल्नसकिने छ ।

**(ग)** **प्रारम्भ** : यो विधान संस्था दर्ता ऐन, २०३४ बमोजिम स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.*** **परिभाषा** : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस विधानमा :

(क) "संस्था" भन्नाले ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाललाई जनाउनेछ ।

(ख) "विधान" भन्नाले ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको विधानलाई जनाउनेछ ।

(ग) "साधारण सभा" भन्नाले वार्षिक तथा विशेष साधारण सभालाई जनाउनेछ ।

(घ) "समिति" भन्नाले विधान बमोजिम गठित कार्यसमितिलाई जनाउनेछ ।

(ङ) "उपसमिति" भन्नाले समितिले जिम्मेवारी तोकी गठन गरेको उपसमितिलाई जनाउनेछ ।

(च) "सल्लाहकार" भन्नाले विधान बमोजिम मनोनीत सल्लाहकारलाई जनाउनेछ ।

(१)** ....................................................

(छ) "नियम" भन्नाले समितिले संस्थाको कार्य सञ्चालनको लागि समय-समयमा बनाएको नियमलाई जनाउनेछ ।

(ज) "सदस्य" भन्नाले विधान बमोजिम सदस्यता प्राप्त गर्ने व्यक्ति वा संस्थालाई जनाउनेछ ।

---

* पाँचौं संशोधनद्वारा हेरफेर ।

** दोस्रो संशोधनद्वारा थप, पाँचौं संशोधनद्वारा झिकिएको ।

(ज१)* "कार्यसमिति सदस्य" भन्नाले विधान बमोजिम गठित कार्यसमितिका सदस्यलाई जनाउनेछ। र, सो शब्दले पदाधिकारी समेतलाई जनाउनेछ।

(ज २)** "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव र कोषाध्यक्षलाई जनाउनेछ।

(ज ३)*** "आवद्ध संस्था" भन्नाले समितिबाट तोके बमोजिम आवद्धता प्राप्त गरेको संस्थालाई जनाउनेछ।

(झ) "तोके बमोजिम" भन्नाले समितिले समय-समयमा गरेको निर्णय बमोजिम निर्धारित गरिएको कार्यविधि वा प्रक्रिया वा ढाँचालाई जनाउनेछ।

३. **संस्थाको अस्तित्व तथा छाप** : संस्थाको अस्तित्व र छाप देहाय बमोजिम हुनेछ :

(क) संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

(ख) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ।

(ग) संस्थाले व्यक्तिसरह अरूमाथि नालेस गर्न सक्ने र संस्थामाथि पनि व्यक्तिसरह नालेस लाग्न सक्नेछ।

## परिच्छेद - २

## संस्थाको उद्देश्य र परिसीमा

४.**** **संस्थाको उद्देश्य र उद्देश्य प्राप्त गर्न गरिने कामहरू** : प्रस्तावनामा उल्लेखित ध्येय प्राप्त गर्नको लागि प्रचलित कानूनको परिधिभित्र रही आर्थिक, प्रशासनिक, प्राविधिक र अन्य काम-कारबाहीमा अपनाइने प्रक्रिया

* पाँचौं संशोधनद्वारा थप।

** पाँचौं संशोधनद्वारा थप।

*** पाँचौं संशोधनद्वारा थप।

**** चौथो र पाँचौं संशोधनद्वारा हेरफेर।

तथा पद्धतिमा सुधार ल्याउने अभिप्रायले विभिन्न प्रकारका क्रियाकलाप आफूले आयोजन गर्ने र अन्यले गरेका त्यस्ता क्रियाकलापमा सहकार्य गर्ने संस्थाको उद्देश्य रहनेछ । उपर्युक्त उद्देश्य प्राप्तिको लागि संस्थाले देहाय बमोजिमका कामहरू समेत गर्नेछ :

(क) सुशासन र सदाचार प्रवर्द्धनका लागि सबैखालका भ्रष्टाचार र भ्रष्टाचारजन्य कार्यको प्रतिवाद र प्रतिरोध गर्ने,

(ख) सार्वजनिक स्रोत तथा साधनको दुरूपयोग गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संयोजनमा हुने भ्रष्टाचारको प्रतिरोध गर्ने,

(घ) व्यक्तिगत लाभका लागि सार्वजनिक पद, प्रतिष्ठा, अधिकारको दुरूपयोग रोक्न अभियान चलाउने,

(ङ) भ्रष्टाचारविरूद्ध स्थापित सार्वजनिक संस्था, प्रणाली, व्यवस्था, समूह, समुदायलाई उद्देश्य प्राप्तिका निम्ति सक्रिय रूपबाट क्रियाशील रहन उत्प्रेरित गर्ने,

(च) सार्वजनिक आचरण तथा व्यवहारलाई पारदर्शी राख्न विभिन्न किसिमका कार्यक्रम र गतिविधि सञ्चालन गर्ने,

(छ) पारदर्शिताबाट समाज, राष्ट्र र समुदायलाई पुग्न सक्ने लाभको सम्बन्धमा जनचेतना जागृत गराउने शैक्षिक, प्रचारात्मक र अन्य क्रियाकलाप गर्ने,

(ज) आर्थिक कारोबारमा पारदर्शिता ल्याउने हेतुले निश्चित आचार-संहिताहरू प्रतिपादन गर्न एवं त्यसलाई पालन गर्न गराउन सम्बन्धित पक्षहरूलाई सघाउने र आवश्यक दबाबमूलक काम गर्ने,

(झ) राष्ट्रिय स्रोत र साधन एवं अन्तर्राष्ट्रिय सहयोग र सहभागितामा हुने विकास, निर्माण, खरिद, बिक्रीलगायतका विविध क्रियाकलापमा हुने विविध प्रकारका भ्रष्टाचारलाई प्रोत्साहित गर्ने गतिविधिलाई प्रतिरोध, नियन्त्रण एवं उजागर गर्ने,

(ञ) सार्वजनिक पद, प्रतिष्ठा तथा अधिकार र प्रविधिको आडमा विकास आयोजनाहरूको प्राथमिकताक्रम निर्धारण, लागत आङ्कलन,

प्रविधि एवं कार्यान्वयन प्रक्रियाको चयनमा हुने अवान्छित एवम् अस्वाभाविक क्रियाकलाप निरूत्साहित गर्ने,

(ट) सरकारलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय आर्थिक कारोवार गर्दा अपनाइने आचार-संहिताहरू तयार गर्न प्रोत्साहित गर्ने र यस दिशामा गरिने अन्तर्राष्ट्रिय प्रयत्नलाई सक्रियरुपमा सहयोग गर्ने,

(ठ) ट्रान्सपरेन्सी इन्टरनेशनललाई भ्रष्टाचार र यसको प्रतिरोध विषयक राष्ट्रिय अनुभव अवगत गराउने र यस क्षेत्रमा योगदान दिन सक्ने व्यक्ति विशेष पहिचान गरी पठाउने,

(ड) संस्थासँग सहयोगी भई काम गर्न इच्छुक अन्य संस्थाहरूसँग सम्बन्ध राख्ने । संस्थाले प्रचलित ऐन, नियम तथा नेपाल सरकारको नीति-निर्देशनभित्र रही सम्बन्धित निकायसँग सामञ्जस्य र समन्वय राखी कार्य सञ्चालन गर्ने ।

**५. संस्थाको परिसीमा**

(क) संस्थाले भ्रष्टाचार भएको वा हुन सक्ने कुनै निश्चित मामिलामा कुनै व्यक्ति विशेषउपर छानविन गर्ने प्रकारका काम गर्ने छैन ।

(ख) संस्था कुनै पनि राजनैतिक दल विशेषसँग आवद्ध रहने छैन र यसले पूर्णतया निष्पक्ष एवं स्वतन्त्र भई काम गर्नेछ ।

## परिच्छेद - ३

## सदस्यता

६. **संस्थापक** : विधानमा दस्तखत गर्ने धारा ४५ मा उल्लिखित व्यक्तिहरूले यस संस्थाका संस्थापकको रूपमा स्वतः सदस्यता प्राप्त गर्नेछन् ।

७.* **सदस्यः** समितिले धर्म, जाति, सम्प्रदाय, लिङ्ग र पेशाका आधारमा कुनै भेदभाव नराखी संस्थाको ध्येय र उद्देश्यमा आस्था राख्ने वालिग नेपाली नागरिकलाई संस्थाको सदस्यता प्रदान गर्न सक्नेछ ।

* पहिलो र पाँचौ संशोधनद्वारा हेरफेर ।

तर, माथि जुनसुकै कुरा लेखिएको भए तापनि आवद्ध संस्थाको पदाधिकारी, सदस्य वा कर्मचारीले सदस्यता प्राप्त गर्न सक्ने छैनन् ।

७ (१).* **संस्थागत सदस्य** : समितिले यस संस्थाको उद्देश्यप्रति प्रतिवद्ध आवद्ध संस्थाबाहेकका अन्य संघ-संस्थाहरूलाई आवश्यकताअनुसार संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ । यसका अतिरिक्त यस संस्थाका मुख्य उद्देश्य र मान्यताहरूप्रति ऐक्यवद्धता जनाउने अथवा प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउने अन्य प्रतिष्ठित, सामाजिक, पेशागत तथा व्यावसायिक संघ-संस्थाहरू समेतलाई संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ ।

७ (२).** **मानार्थ सदस्य** : समितिले लब्ध-प्रतिष्ठित व्यक्तिलाई आवश्यकताअनुसार तोकिएको आधारमा मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

तर, मानार्थ सदस्यलाई मताधिकार हुनेछैन ।

८.*** **सदस्यता प्रदान गर्ने विधि** : सदस्य बन्न इच्छुक व्यक्ति वा संस्थाले समितिले तोके बमोजिमको ढाँचामा एकजना सदस्यद्वारा प्रस्तावित भएको दरखास्त दिएमा समितिले निजलाई सदस्यता प्रदान गर्न सक्नेछ । सदस्यता प्रदान गर्ने विषयमा अन्तिम निर्णय गर्ने अधिकार समितिलाई रहनेछ, जसउपर उजुर लाग्नेछैन ।

९.**** **सदस्यता बहाल नरहने अवस्था** : देहायको अवस्थामा सदस्यता बहाल रहेको मानिने छैन ।

(क) मृत्यु भएमा,

(ख) सदस्यता परित्याग गरेको सूचना समितिलाई दिएमा,

---

* पाँचौ संशोधनद्वारा थप ।

** पाँचौ संशोधनद्वारा थप ।

*** चौथो संशोधनद्वारा हेरफेर ।

**** पाँचौ संशोधनद्वारा हेरफेर ।

(ग) संस्थाका सदस्यहरूले पालना गर्नुपर्ने आचार-संहिता (Code of Conduct) परिपालन नगरेमा,

(घ) सदस्यता शुल्क नबुझाएको कारणले समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा,

(ङ) संस्थालाई हानी-नोक्सानी हुने कार्य गरेको वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचारसम्बन्धी अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समितिले सदस्यताबाट हटाउने निर्णय गरेमा,

तर उपरोक्त उपधारा (ग), (घ) र (ङ) आकर्षित हुने अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

**९ (१).* सदस्यता शुल्क र नवीकरणसम्बन्धी व्यवस्था :**

(क) सदस्यता शुल्क : सदस्यले वार्षिकरुपमा बुझाउनुपर्ने शुल्क समितिले तोके बमोजिम हुनेछ ।

(ख) नवीकरण : वार्षिकरुपमा बुझाउनुपर्ने शुल्क बुझाउने सदस्यको सदस्यता स्वतः नवीकरण भएको मानिनेछ ।

## परिच्छेद – ४

## संस्थाको साधारणसभा

**१०.** साधारण सभाको गठन तथा बैठक** : संस्थाका सदस्यहरूबाट बनेको सभालाई साधारण सभा भनिनेछ । साधारण सभाको प्रयोजनका लागि सदस्यता नविकरण अद्यावधिक गरी सदस्यहरूको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । यसको बैठक दुई प्रकारको हुनेछ :

(क) वार्षिक साधारण सभा, र

(ख) विशेष साधारण सभा ।

---

* पाँचौं संशोधनद्वारा थप ।

** पाँचौं संशोधनद्वारा हेरफेर ।

**११.* साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) संस्थाको विधान पारित गर्ने,

(ख) समितिको निर्वाचन गर्ने,

(ग) समितिलाई अख्तियार प्रत्यायोजन गर्ने,

(घ) समितिले पेश गरेको वार्षिक कार्य प्रगति, आर्थिक प्रतिवेदन तथा लेखा-परीक्षण प्रतिवेदनउपर छलफल गरी स्वीकृति प्रदान गर्ने,

(ङ) लेखा-परीक्षक नियुक्त गर्ने,

(च) समितिले गरेको काम-कारबाहीमा चित्त नबुझ्ने सदस्यले दिएको उजूरीउपर छलफल गरी टुङ्गो लगाउने,

(छ) समितिलाई आवश्यक कार्यक्रम र नीतिका सम्बन्धमा निर्देशन दिने,

(ज) समितिले पेश गरेको प्रस्तावउपर छलफल गरी निर्णय गर्ने,

(झ) समितिका सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने, र

(ञ) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक मार्ग-निर्देश गर्ने ।

**१२.** साधारण सभाको गणपुरक सङ्ख्या** : साधारण सभाको मताधिकार प्राप्त कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी उपस्थित भएमा साधारण सभाको गणपुरक सङ्ख्या पुगेको मानिनेछ । गणपुरक सङ्ख्या नपुगेको कारण साधारण सभा सञ्चालन हुन नसकेमा दोस्रो पटक ७ दिनको म्याद राखी पुनः साधारण सभा बोलाइने छ र त्यस बखत उपस्थित संख्यालाई नै गणपुरक सङ्ख्या मानिने छ ।

**१३.***वार्षिक साधारण सभा** : प्रत्येक आर्थिक वर्ष सकिएको ३ महिनाभित्र सबै सदस्यलाई कम्तीमा २१ दिनको सूचना दिई वार्षिक साधारण सभा बोलाइनेछ । कथं-कदाचित् सो अवधिभित्र वार्षिक साधारण सभा हुन नसकेमा सोको कारण जनाई थप अर्को ३ महिनाभित्र साधारण सभा बोलाउनु पर्नेछ ।

---

* चौथो र पाँचौं संशोधनद्वारा हेरफेर ।

**पाँचौं संशोधनद्वारा हेरफेर ।

***पाँचौं संशोधनद्वारा हेरफेर ।

**१४.*** ............................................

**१५. विशेष साधारण सभा** : (१) निम्नलिखित परिस्थितिमा समितिले विशेष साधारण सभा बोलाउनेछ ।

(क) समितिले विशेष साधारण सभा बोलाउन आवश्यक ठानेमा, वा

(ख) संस्थाका कम्तीमा पच्चीस प्रतिशत सदस्यले विशेष साधारण सभा बोलाउनुपर्ने कारण खुलाई विषय-सूचीसहित लिखित अनुरोध गरेमा ।

(२) धारा १५ (१) (ख) अनुरूप अनुरोध प्राप्त भएको तीस दिनसम्म पनि समितिले विशेष साधारण सभा नबोलाएमा अनुरोध गर्ने सदस्यहरूले आफैँ विशेष साधारण सभा बोलाउन सक्नेछन् र सो सभा समितिले बोलाए सरह मानिनेछ ।

**१६.**** ....................................................

**१७.***** .................................................

## परिच्छेद - ५

## कार्यसमितिको गठन, काम, कर्तव्य र अधिकार

### समितिको गठन, पदावधि र पदरिक्तता

**१८.**** कार्यसमितिको गठन** : कार्यसमितिमा अध्यक्षसहित नौ (९) सदस्य रहनेछन् । त्यसमध्ये संस्थाका सदस्यहरू मध्येबाट अध्यक्षसहित आठजना र संस्थागत सदस्यहरू मध्येबाट एकजना साधारण सभाबाट निर्वाचित हुनेछन् । संस्थागतरुपमा प्रतिनिधित्व गर्ने सदस्यलाई सम्बन्धित संस्थाले अख्तियारी दिएर पठाउनेछ र सम्बन्धित संस्थाले

---

* चौथो संशोधनद्वारा हेरफेर, पाँचौ संशोधनद्वारा झिकिएको ।

** पाँचौ संशोधनद्वारा झिकिएको ।

*** चौथो संशोधनद्वारा हेरफेर, पाँचौ संशोधनद्वारा झिकिएको ।

**** पहिलो, चौथो र पाँचौ संशोधनद्वारा हेरफेर ।

चाहेमा त्यस्तो प्रतिनिधित्व गर्ने सदस्य फेरबदल हुन सक्नेछ ।

**१९.*** ..................................................

**२०.**निर्वाचनसम्बन्धी व्यवस्था** :

(१) अध्यक्षलगायत समितिका सदस्यहरूको निर्वाचनको लागि समितिले एकजना निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) निर्वाचनसम्बन्धी प्रक्रिया विधानको अधिनमा रही निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

**२० (क).*** मतदानसम्बन्धी व्यवस्था** :

(१) "एक सदस्य – एक मत" को अवधारणाअनुसार संस्थाले मतदान गर्ने/गराउने छ ।

(२) सदस्यले आफैँ उपस्थित भै मतदान गर्नेछन् ।

(३) गोप्य मतदान गर्न भनेर तोकेको बाहेकका अन्य अवस्थामा सदस्यले हात उठाएर वा अन्य उपयुक्त तरिकाबाट खुल्लारुपमा मतदान गर्नेछन् ।

(४) साधारण सभामा अध्यक्षलगायत कार्यसमितिका सदस्यहरू निर्वाचनमार्फत् चयन गर्नुपर्ने भए गोप्य मतदानबाट गरिनेछ ।

**२० (ख).**** सपथसम्बन्धी व्यवस्था** : अध्यक्षलाई निर्वाचन अधिकृतले साधारण सभासमक्ष सपथ गराउनेछन् । अन्य सदस्य र पदाधिकारीको शपथ अध्यक्षद्वारा गराइनेछ ।

**२१.***** पदावधिसम्बन्धी व्यवस्था** : अध्यक्षलगायत समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ र पदावधि समाप्त भएका समितिका अध्यक्ष र सदस्यहरू पुनः निर्वाचित हुन सक्नेछन् ।

---

* पाँचौ संशोधनद्वारा झिकिएको ।

** चौथो र पाँचौ संशोधनद्वारा हेरफेर ।

*** पाँचौ संशोधनद्वारा थप ।

**** पाँचौ संशोधनद्वारा थप ।

***** तेस्रो र पाँचौ संशोधनद्वारा हेरफेर ।

तर,

(१) दुई पदावधि पूरा गरेका समितिका अध्यक्ष पुनः उम्मेदवार हुन पाउने छैनन् ।

(२) लगातार दुई पदावधि पूरा गरेका समितिका सदस्यहरू अध्यक्ष पदमा बाहेक पुनः तेस्रो पटक उम्मेदवार हुन पाउने छैनन् ।

**२२.* समितिका सदस्यको पद रिक्त भएको मानिने** : संस्थाको साधारण सदस्य नरहेका व्यक्ति समितिको सदस्यबाट स्वतः हट्नेछन् र उक्त पद रिक्त भएको मानिनेछ ।

**२२ (क)**** बिना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित हुने पदाधिकारी वा सदस्यलाई कार्यसमितिबाट हटाउन सकिनेछ ।

तर यस उपधारा बमोजिम हटाउनुअघि पदाधिकारी वा सदस्यलाई सुनुवाईको मौका प्रदान गरिनेछ ।

**२३. राजीनामासम्बन्धी व्यवस्था** : अध्यक्षले उपाध्यक्षमार्फत् र अन्य पदाधिकारी वा समितिका सदस्यले अध्यक्षमार्फत् लिखित राजीनामा दिन सक्नेछन् । पदाधिकारी वा समितिका सदस्यको राजीनामा समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२४.*** समितिका सदस्यको पद रिक्त भएमा** : कारणवश समितिको कुनै सदस्यको पद रिक्त भएमा समितिले अन्य सदस्यलाई अर्को निर्वाचनसम्मको लागि सहवरण गर्न सक्नेछ ।

**२५. समितिको काम, कर्तव्य र अधिकार** : समितिले साधारण सभाप्रति उत्तरदायी रही संस्थाको प्रतिनिधित्व गर्नेछ र संस्थाको उद्देश्य प्राप्तिको लागि गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । समितिको

---

***** पाँचौं संशोधनद्वारा हेरफेर ।

****** पाँचौं संशोधनद्वारा थप ।

******* चौथो संशोधनद्वारा हेरफेर ।

निर्णयअनुसार संस्थाले सम्पतिको स्वामित्व ग्रहण गर्ने र दायित्व वहन गर्ने सक्नेछ ।

२६. **समितिको अधिकार प्रत्यायोजन र उत्तरदायित्व** : समितिले आफ्नो अधिकार समितिका पदाधिकारी वा अन्य सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ । समितिका पदाधिकारी वा अन्य सदस्यले आफ्नो अधिकार प्रयोग गर्दा संस्थालाई कुनै हानी-नोक्सानी पुग्न गएमा निजको बदनियत प्रमाणित भएमा बाहेक उक्त नोक्सानीको लागि निजले व्यक्तिगतरुपमा दायित्व वहन गर्नुपर्ने छैन ।

२७.* **उपसमितिको गठन** : (१) समितिले संस्थाका कार्यहरूको आवश्यक संयोजन, व्यवस्थापन र नियमित कार्यान्वयनका लागि सबै पदाधिकारी रहेको एक व्यवस्थापन उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपधारा (१) बमोजिम गठन हुने उक्त उपसमितिले आफ्नो कार्यविधि तोक्न सक्नेछ ।

(३) समितिले कुनै कार्यक्रम सञ्चालन गर्न वा जिम्मेवारी वहन गर्नको लागि एक वा बढी उप समिति गठन गर्न र तिनको कार्यक्षेत्र, पदावधि एवं कार्यविधि तोक्न सक्नेछ ।

२८.** **समितिको बैठक** :

(१) समितिको बैठक वर्षमा कमसेकम ६ पटक बस्नेछ । तर दुई बैठकको अन्तर दुई महिनाभन्दा बढी हुनेछैन । बैठकको गणपुरक सङ्ख्या तत्काल कायम कार्यसमितिका सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी हुनुपर्नेछ ।

(२) समितिको बैठकमा सल्लाहकार र समितिले आवश्यक ठानेका अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

---

* पाँचौ संशोधनद्वारा हेरफेर ।

** पाँचौ संशोधनद्वारा हेरफेर ।

(३) कार्यसमितिमा प्रस्तुत हुने प्रस्तावमा मत विभाजन भए अध्यक्ष वा अध्यक्षता गर्ने व्यक्तिले तोकेको प्रक्रिया बमोजिम मतदान हुनेछ ।

**२९.*** ..................................................

## परिच्छेद – ६

## पदाधिकारी र कर्मचारी

**३०.**पदाधिकारीहरुको मनोनयन विधि** : अध्यक्षले कार्यसमिति सदस्यहरू मध्येबाट एक-एकजना उपाध्यक्ष, महासचिव र कोषाध्यक्ष मनोनयन गर्नेछन् ।

तर संस्थागत सदस्यहरूलाई पदाधिकारीमा मनोनयन गरिने छैन ।

**३१.***संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** :

**अध्यक्ष**

(१) साधारण सभा तथा समितिको सभापतित्व गर्ने,

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संस्थाको प्रतिनिधित्व गर्ने/गराउने,

(३) बराबर मत भएमा निर्णायक मत दिने,

(४) संस्थाद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूमा आवश्यक निर्देशन दिने र रेखदेख गर्ने ।

**उपाध्यक्ष**

(१) अध्यक्षलाई आवश्यक सहयोग पुऱ्याउने ।

(२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने कार्य गर्ने/गराउने ।

---

* पाँचौं संशोधनद्वारा झिकिएको ।

** तेस्रो, चौथो र पाँचौं संशोधनद्वारा हेरफेर ।

*** चौथो र पाँचौं संशोधनद्वारा हेरफेर ।

<u>**महासचिव**</u>

(१) अध्यक्षको परामर्शमा विधान बमोजिम साधारण सभा र कार्य समितिको बैठक बोलाउने र वार्षिक कार्यक्रम तथा प्रतिवेदन तयार पारी साधारण सभा र कार्यसमितिसमक्ष प्रस्तुत गर्ने,

(२) अध्यक्षको परामर्शमा संस्थाको दैनिक कार्य सञ्चालन गर्ने/गराउने,

(३) संस्थाको चल-अचल सम्पतिको आवश्यक व्यवस्था मिलाउने र पदाधिकारीहरूसँग समन्वय गर्ने ।

<u>**कोषाध्यक्ष**</u>

(१) प्रचलित कानुन बमोजिम आय-व्ययको लेखा राख्ने,

(२) संस्थाको आर्थिक प्रतिवेदन तयार गर्ने,

(३) पदाधिकारीहरूसँग परामर्श गरी बजेट र कार्यक्रम तयार गरी समितिसमक्ष पेश गर्ने,

(४) स्वीकृत बजेट, नियम तथा तोकिएको प्रक्रियाअनुरूप खर्च गर्ने ।

<u>**कार्यसमिति सदस्य**</u>

(१) समितिको बैठकमा नियमित भाग लिने,

(२) कार्यसमिति वा अध्यक्षले तोकेको कार्य गर्ने,

(३) संस्थाको उद्देश्य हासिल हुने अन्य आवश्यक कार्य गर्ने ।

**३२.*** **कर्मचारीको नियुक्तिसम्बन्धी व्यवस्था** : समितिले समितिको निर्णय कार्यान्वयन गर्न/गराउन प्रशासकीय प्रमुखको रूपमा कार्यकारी निर्देशक तथा अन्य आवश्यक कर्मचारी नियुक्त गरी सेवाको शर्त तोक्न सक्नेछ ।

---

* पाँचौ संशोधनद्वारा हेरफेर ।

## परिच्छेद - ७

## सल्लाहकारसम्बन्धी व्यवस्था

३३.* **सल्लाहकारको मनोनयन** : (१) कार्यसमितिले संस्थालाई आवश्यक सल्लाह उपलब्ध गराउनको लागि विभिन्न क्षेत्रका लब्ध-प्रतिष्ठित व्यक्तिहरू, संस्थाका पूर्व अध्यक्षहरू एवम् पदाधिकारीहरू मध्येबाट आफ्नो कार्यकालसम्मका लागि बढीमा ५ जना सल्लाहकारहरूको मनोनयन गर्न सक्नेछ ।

(२) ट्रान्सपरेन्सी इन्टरनेशनलको पदाधिकारी वा सल्लाहकारको हैसियतले कार्यरत नेपाली नागरिक यस संस्थाको स्वतः सल्लाहकार रहेको मानिनेछ ।

३४.** ..........................................................

३५.*** ..........................................................

३६.**** ..........................................................

३७.***** ..........................................................

## परिच्छेद - ८

## आर्थिक व्यवस्था

३८.****** **संस्थाको देहाय बमोजिमको आर्थिक स्रोत हुनेछ** :

(क) सदस्यबाट प्राप्त शुल्क वा अनुदान,

(ख) सरकारी वा गैर-सरकारी संस्थाबाट प्राप्त सहायता वा अनुदान,

---

* पाँचौ संशोधनद्वारा हेरफेर ।

** चौथो संशोधनद्वारा हेरफेर, पाँचौ संशोधनद्वारा झिकिएको ।

*** पाँचौ संशोधनद्वारा झिकिएको ।

**** पाँचौ संशोधनद्वारा झिकिएको ।

***** पाँचौ संशोधनद्वारा झिकिएको ।

****** चौथो र पाँचौ संशोधनद्वारा हेरफेर ।

(ग) दाताहरूबाट प्राप्त सहयोग,

(घ) संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार,

(ङ) संस्थाको कोष लगानीबाट आर्जित आय,

(च) अन्य आम्दानी।

(छ) वैदेशिक सहायता लिन पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिइनेछ।

**३८ (क).* स्रोत व्यवस्थापन** : संस्थालाई प्राप्त हुने आर्थिक स्रोत नेपालका बैङ्कहरूमा आवश्यकताअनुसार खाता खोली व्यवस्थित गरिनेछ। खाता सञ्चालनसम्बन्धी प्रक्रिया कार्यसमितिद्वारा तोकिए बमोजिम हुनेछ।

**३९.**** ........................................................

**४०.*** संस्थाको लेखा र लेखा परीक्षण** : संस्थाको लेखा लेखाको मान्य सिद्धान्त अनुसार राखिनेछ। प्रत्येक वर्ष आषाढ मसान्तसम्मको लेखा तयार गरी मान्यताप्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण गराईनेछ।

## परिच्छेद - ९

## विविध

**४१.**** अविश्वासको प्रस्ताव** :

**समिति**ः विधानविपरीत समितिले कार्य गरेको कारण दर्शाई कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको विरूद्ध अविश्वास प्रस्ताव पेश गरी साधारण सभामा उपस्थित सदस्यको दुई तिहाई बहुमतबाट प्रस्ताव

* पाँचौ संशोधनद्वारा थप।

** पाँचौ संशोधनद्वारा झिकिएको।

*** पाँचौ संशोधनद्वारा हेरफेर।

**** पाँचौ संशोधनद्वारा हेरफेर।

पारित गरेमा सो समिति भङ्ग हुनेछ र साधारण सभाले तत्काल एक तदर्थ समितिको घोषणा गर्नेछ, जसले ३ महीनाभित्र नयाँ समितिको गठनको लागि निर्वाचन गराउनेछ ।

**पदाधिकारी वा कार्य समिति सदस्य** : कुनै पदाधिकारी वा कार्यसमिति सदस्यले विधान विपरित कार्य गरेको कारण दर्शाई कम्तीमा पच्चीस प्रतिशत सदस्यले कुनै पदाधिकारी वा समितिको सदस्यको विरूद्ध अविश्वास प्रस्ताव पेश गरी साधारण सभामा उपस्थित सदस्यको दुई तिहाई बहुमतबाट उक्त प्रस्ताव पारित भएमा समितिको सो पदाधिकारी वा सदस्य स्वतः निष्काशित हुनेछ । यसरी रिक्त हुने पदको पूर्ति यस विधान बमोजिम गरिनेछ ।

**४२.*** ........................................................

**४२(क).****....................................................

**४३.*** विधान संशोधन** : विधान संशोधनको प्रस्ताव समितिले साधारण सभामा पेश गर्नसक्नेछ । साधारण सभाका कम्तिमा पच्चीस प्रतिशत सदस्यले विधान संशोधनको प्रस्ताव साधारण सभामा पेश गर्न चाहेमा गर्न पाउनेछन् । साधारण सभामा उपस्थित सदस्यहरूको दुईतिहाई बहुमतले विधान संसोधनको प्रस्ताव पारित गरेमा उक्त विधान पारित भएको मानिनेछ ।

**४४.**** संस्थाको विघटन** : संस्थाको विघटनको प्रस्ताव समितिले साधारण सभामा पेश गर्न सक्नेछ । तर त्यस प्रकारको प्रस्तावमा छलफल गर्न बोलाइएको साधारण सभाको सूचना सार्वजनिक सञ्चारमाध्यमद्वारा समेत प्रचार-प्रसार गर्नुपर्नेछ । सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा

---

* पाँचौ संशोधनद्वारा झिकिएको ।

** दोस्रो संशोधनद्वारा थप, पाँचौ संशोधनद्वारा झिकिएको ।

*** पाँचौ संशोधनद्वारा हेरफेर ।

**** पाँचौ संशोधनद्वारा हेरफेर ।

तीन चौथाई बहुमतले पारित भएमा संस्था विघटन हुनेछ । संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**४४ (क).* नियम बनाउने अधिकार** : विधान प्रतिकूल नहुने गरी कार्यसमितिले संस्थाको कार्य सञ्चालनका लागि विभिन्न नियम बनाउन सक्नेछ ।

**४५.** **संस्थापकहरु** : देहायका व्यक्तिहरू संस्थापक रहेका छन् :

१. श्रीमती अम्बिका श्रेष्ठ

२. श्री कोमलबहादुर चित्रकार

३. श्री टंकप्रसाद कार्की

४. श्री दमननाथ ढुंगाना

५. श्री दामोदर प्रसाद गौतम

६. श्री दीपकुमार उपाध्याय

७. श्री देवेन्द्रराज पाण्डे

८. श्री ध्रुवहरि अधिकारी

९. श्री पोषराज पाण्डे

१०. श्री प्रयागराज शर्मा

११. श्रीमती बिना प्रधान

१२. श्री बिश्वम्भरमान सिंह प्रधान

१३. श्री राजेन्द्र दाहाल

१४. श्री राधेश्याम अधिकारी

१५. श्री हेमबहादुर विष्ट

**समाप्त**

---

* पाँचौं संशोधनद्वारा थप ।

** पाँचौं संशोधनद्वारा हेरफेर ।

# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

**सङ्गठनात्मक संरचना**

**साधारणसभाः** ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका सबै सदस्य सम्मिलित सभा नै साधारण सभा हो । जसको अध्यक्षता अध्यक्षले गर्दछन् । यो टीआई नेपाल सञ्चालन गर्ने सर्वोच्च निकाय हो। साधारणसभाले अध्यक्ष तथा कार्यसमितिका सदस्यहरू निर्वाचित गर्ने, नीतिगत मामिलामा कार्यसमितिलाई निर्देशन दिने र वार्षिक तथा आर्थिक प्रतिवेदनहरू पारित गर्ने काम गर्दछ । हाल संस्थामा ६५ जना साधारण सदस्य छन् ।

**कार्यसमितिः** कार्यसमितिमा हरेक दुई वर्षका लागि निर्वाचित हुने नौ जना सदस्यहरू रहन्छन्, जसको अध्यक्षता अध्यक्ष स्वयम्ले गर्दछन् । कार्यसमितिले नीतिगत मार्ग-निर्देशन जारी गर्ने, कार्ययोजनाको तर्जुमा/कार्यान्वयन गर्ने तथा कार्ययोजना/कार्यक्रमको अनुगमन गर्ने काम गर्दछ । कार्यसमिति तथा सचिवालयको समन्वय गर्ने जिम्मेवारी महासचिवको रहेको छ ।

**व्यवस्थापन उपसमितिः** व्यवस्थापन उपसमितिले टीआई नेपालका काम-कारबाहीहरूको कार्यान्वयन गर्ने काम गर्दछ । व्यवस्थापन उपसमितिमा अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष तथा कार्यकारी निर्देशक रहने व्यवस्था छ ।

**सचिवालयः** कार्यसमिति तथा व्यवस्थापन उपसमितिद्वारा पारित साङ्गठनिक कार्ययोजना, कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि सचिवालय जिम्मेवार रहनेछ, जसको नेतृत्व कार्यकारी निर्देशकले गर्दछन् ।

**आवद्ध संस्थाः** नेपालका २१ जिल्लामा २२ वटा स्थानीय गैर-सरकारी संस्थाहरू टीआई नेपालसँग आवद्ध रही क्रियाशील रहेका छन् ।

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचारविरुद्धको सहकार्य

छकुबकु मार्ग, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोनः ४४७५०६२, ४४७५११२, ४४७५२६२
फ्याक्सः ४४७५११२, पोष्ट बक्स नम्बरः ११४८६
E-mail: trans@tinepal.org, Web: www.tinepal.org
tinepal